नेपाल सरकार
सामान्य प्रशासन मन्त्रालय
(                    )
फोन :- ४२००३६७, ४२००३६८
४२००३६९
फ्याक्स :- ४२००२३८
सिंहदरबार, काठमाडौं

पत्र संख्या : कानून-७८-०७३/७४
चलानी नं. : २१७

मितिः- २०७४/०१/२५

विषयः- जानकारी सम्बन्धमा।

श्री सवै मन्त्रालय/आयोग/सचिवालय,

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७४/०१/२१ को निर्णयानुसार सवै निकायहरुमा एकरुपता कायम हुनेगरी स्वीकृत दरबन्दीभित्र करारमा रहेका व्यक्तिहरुलाई मात्र आर्थिक वर्ष २०७४/०७५ बाट लागू हुनेगरी देहायको सुविधा उपलब्ध गराउने निर्णय भएकाले जानकारीको लागि आदेशानुसार अनुरोध गर्दछु ।

(क) कम्तीमा छ (६) महिना करार सेवा गरेमा सालवसाली रुपमा एक (१) महिनाको आधारभूत पारिश्रमिक वरावरको चाडपर्व खर्च उपलब्ध गराउने ।

(ख) सार्वजनिक विदा बाहेक वार्षिक रुपमा सञ्चित भई जिम्मेवारी नसर्ने गरी मासिक रुपमा एक (१) दिन विदा दिने ।

(ग) क्रिया विदा बढीमा १५ दिन दिने ।

(घ) सुत्केरी विदा अघिपछि गरी बढीमा ६० दिन प्रदान गर्ने ।

(ङ) सालवसाली रुपमा एक (१) पटक चैत्र महिनामा पोशाक भत्ता निजामती कर्मचारीले पाए सरह उपलब्ध गराउने ।

(बाल कुमार श्रेष्ठ)
शाखा अधिकृत